# मुख्य बजार सरसफाई



**सुरेन्द्र फडेरा**
**अदानचुली गाउँपालिका**
**सुचना प्रविधि अधिकृत**
***हुम्ला, २९ असोज***
हिमाली जिल्ला हुम्लाको दक्षिण भेगमा पर्ने अदानचुली गाउँपालिकाले आफ्नो बजार क्षेत्र सरसफाई गरेको छ । दसैँलाई लक्षित गरी आज सोमबार अदानचुली गाउँपालीकाको मुख्य बजार सरसफाइ गरिएको छ । असोज २८ गते बसेको अदानचुली गाउँ कार्यपालिकाको बैठकले महिनाको १ दिन सरसफाइ अभियान सञ्चालन गर्ने र मदिरा सेवन तथा बेचविखनलाई निश्चित समय तोकेर मात्र बेच्ने निर्णय गरेको थियो । गाउँ कार्यपालिकाका सदस्य, राजनीतिक दलका प्रमुख, बिभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रमुख सहित सुरक्षाकर्मी पनि सरसफाइ कार्यक्रममा सहभागी भएका छन् । सरसफाइ अभियानले करिब २० बोरा फोहोर सङ्कलन गरी जलाएको छ। आज सोमबार देखि लागु हुने गरी मदिरा बेच्नका लागि साँझ ५ बजेदेखि राति १० बजेसम्म मात्र समय तोकिएको छ । कोही स्थानीय



नागरीकले मदिरा सेवन गरी समाजमा होहल्ला, झैझगडा गरेको पाइएमा रु २५०० र जनप्रतिनिधि तथा कर्मचारीले सेवन गरेको पाइएमा ५००० रुपैयाँ जरिवाना तोकिएको अदानचुली गाउँपालिकाका उपाध्यक्ष सौमती रावल ऐडीले बताउनु भयो । आज सोमबार अदानचुली गाउँपालिको मुख्य बजार सरसफाई कार्यक्रममा स्थानिय जन प्रतिनिधि, नेपाल प्रहरी स्थानिय सर्वसाधाराण लगाएतको सहभागिता रहेको उपाध्यक्ष रावलले जानकारि दिनु भयो ।

